# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं भाद्र २१ गते २०११ साल

## भाग ३

## उद्योग वाणिज्य तथा खाद्यमन्त्रालयको सूचना

५ न. आ. ।११ ११।५।०११

धेरै वर्षको परिश्रम तथा खर्चबाट तयार गरिएको हातले ह्याण्डिल मात्र घुमाइदिंदा साथसाथै शटल पनि आफैं चालु हुन्छ, ड्राफ् पनि चेञ्ज हुन्छ, तानको धागो छोड्दै जान्छ, कपडा बेरिंदै जान्छ अर्थात् ह्याण्डिल मात्र घुमाएर चलाउने या इलेक्ट्रिक पावरले चलाए पनि हुने कपडा बुन्ने मेशिन मैले तयार गरेको हुँदा सो मेशिन अरूले चलाउन नपाउने गरी मेरा नाउँमा १४ वर्षसम्मलाई पेटेन्ट गरिपाऊँ भनी पाल्पा तानसेन टकसार घर भै हाल भक्तपुर ठटुबहाल डेरा गरी बस्ने द्रव्यनारायण श्रेष्ठको दरखास्त परेबाट सबै जनतालाई थाहा होस् भन्नानिमित्त यो सूचना प्रकाश



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मा

गरिएको छ लेखिएबमोजिमको मेशिनहरू कसैले आविष्कार गरी चलाएको भए यो सूचना प्रकाश भएको ३ तीन महिनाभित्र नक्शासमेत पेश गर्न उद्योग विभागमा उपस्थित हुनुहोला। सो म्यादभित्र कसैको रिपोर्ट नपरेमा निज दरखास्तवालाका नाउँमा पेटेन्ट भै जानेछ, पछि उजुर लाग्नेछैन।

आज्ञाले—
मेघनरसिंह प्रधान,
सेक्रेटरी—उद्योग वाणिज्य खाद्यमन्त्रालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म